दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र
हाेइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्स्योरेन्स भएको
भवन) फोनः- ०७१५४२५७१

वर्ष ३८ | अंक २१ | बुटवल | २०८२ माघ ०१ गते, बिहीबार | नेपाल संवत ११४६ | Thursday January15, 2026 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

# अन्ततः फुट्यो कांग्रेस

लुम्बिनी संवाददाता

*बुटवल*

संस्थापन पक्षले महामन्त्रीहरु गगन थापा र विश्वप्रकाश शर्मा तथा सह-महामन्त्री फर्मुलाह मन्सुरललाई पार्टीबाट निष्कासन गर्ने घोषणा गरेसँगै नेपाली कांग्रेस तेस्रोपटक विभाजित भएको छ।

बुधबार पार्टी कार्यालय सानेपामा बसेको केन्द्रीय समिति बैठकले उनीहरुलाई पार्टी हितविपरीत गएको निष्कर्षका साथ निष्कासनको घोषणा गरेको हो। बैठकले उनीहरुलाई पाँच वर्षका लागि साधारण सदस्य समेत नरहने गरी निष्कासित गर्ने निर्णय गरेको केन्द्रीय सदस्य लक्ष्मी खतिवडाले बताइन्। तीन पदाधिकारीलाई पार्टीबाट निश्कासन गरेसंगै नेपाली कांग्रेस विभाजन भएको हो।

झण्डै आठ दशक लामो इतिहास बोकेको दल नेपाली कांग्रेस तेस्रोपटक विभाजित भएको हो। नेतृत्वको कार्य शैलीका कारण विभाजित भएको कांग्रेसको इतिहासमा बुधबार फेरि नयाँ अध्याय थपिएको छ। यसपटक महामन्त्रीद्वय गगन थापा र विश्व प्रकाश शर्मा पक्षले सभापति शेरबहादुर देउवाले सभापति छाड्नुपर्ने माग गर्दै आएका थिए। तर देउवाले छाड्नुको साटो दुई महामन्त्री र एक सह-महामन्त्रीलाई कारबाही गरेर पार्टीबाट निश्कासन गरेपछि पार्टी विभाजन भएको हो।

२०१० सालमा कांग्रेस विभाजनमा बीपी र मातृकाको टकराव थियो। २०५९ गिरिजाप्रसाद कोइराला र शेरबहादुर देउवाको टकराव थियो। अहिलेको टकरावमा पनि शेरबहादुर देउवा नै जोडिएका छन्। यसपटक महामन्त्री गगन थापा र विश्वप्रकाश शर्माहरूले पार्टीभित्र रुपान्तरणको माग अघि सारेका थिए। त्यो मागमा देउवा सहमत नहुँदा पार्टी विभाजित भएको छ।

विशेष महाधिवेशन बोलाएर पार्टी विभाजन भएको यो घटना कांग्रेस जीवनमा नै नौलो छ। यसअघि २०१४ सालको विशेष महाधिवेशनमा तत्कालीन सभापति सुवर्ण शम्शेरले नै महाधिवेश बोलाएर बीपीलाई नेतृत्व हस्तान्तरण गरेका थिए। कांग्रेसको इतिहासमा यो दोस्रो विशेष महाधिवेशन हो। यो महाधिवेशन महाधिवेशन प्रतिनिधिहरूले बोलाएका थिए। महाधिवेशन प्रतिनिधिहरूको बलमा भएको विशेष महाधिवेशनले नेतृत्व नै परिवर्तन गरेको छ।

विशेष महाधिवेशनले गरेको नेतृत्व परिवर्तनलाई देउवा पक्षले अस्वीकार गरेको छ। अब यो विभाजनले कांग्रेसलाई दुई चिरा पारेको छ। अब कुन कांग्रेस आधिकारिक भन्ने कानुनी झमेला पनि सुरु भएको छ। अब बहुमत महाधिवेशन प्रतिनिधि आफूसँग रहेको दाबी विशेष महाधिवेशन पक्षधरको छ। सोही आधारमा विशेष महाधिवेशनबाट नयाँ नेतृत्व चयन हुनेछ।

यता, शेरबहादुर देउवा नेतृत्वको संस्थापन पक्षले विशेष महाधिवेशनलाई अस्वीकार गरेको छ। देउवा-खड्का नेतृत्वको संस्थापन पक्ष र गगन-विश्वप्रकाश नेतृत्वको विशेष महाधिवेशन पक्षबिच अब पार्टीको आधिकारिकता विवाद चर्किने सम्भावना देखिन्छ। यस्तो अवस्थामा अब निर्वाचन आयोगले पार्टीको विधान र राजनीतिक दलसम्बन्धी कानुनको आधारमा पार्टीको आधिकारिता विवाद निरुपण गर्नेछ। यद्यपि, निर्वाचन आयोगले जसको पक्षमा फैसला गरे पनि अर्को पक्ष न्यायिक निरुपणका लागि सर्वोच्च अदालत जान सक्ने विकल्प बाँकी रहन्छ। त्यस अर्थमा नेपाली कांग्रेसको आधिकारिकतासम्बन्धी विवाद अब केही महिना लम्बिने सम्भावना रहेको जानकार बताउँछन्।

अब कांग्रेसको आधिकारिकता को ? भन्ने प्रश्नमा गगन थापाले थपे-'यहाँ विधिवत र विधानसम्मत नेतृत्व चयन हुँदैछ। यही नै कांग्रेस हो।' विशेष महाधिवेशनबाट निर्वाचित नेतृत्वबारे निर्वाचन आयोगमा जानकारी दिने पनि थापाको भनाइ छ। 'निर्वाचन प्रक्रिया सकिएसँगै



आयोगलाई जानकारी गराउँछौं,' उनले भने-'पार्टीको चुनाव चिह्न रुख, चारतारे झन्डा हामीसँगै छ। अर्को कुरा कांग्रेस नै हामी हौं।'

देउवासँग अन्तिम संवाद हुँदा के कुरा भयो भन्ने प्रश्नमा उनले बैशाखमा स्वतः अलग हुन्छु, अहिले किन म निष्क्रिय हुने भन्ने जवाफ दिएको थापाले बताए। त्यस्तै उनलाई बैशाखसम्म किन कुर्न नसक्नु भएको त ? भन्ने प्रश्नको उत्तर दिँदै भने-'पर्खिन नसक्ने अवस्था भयो। पर्खिन हाम्ले नसकेको हैन। देश, समाज र कारयकर्ताले कुर्न सकेनन्। उहाँहरूलाई स्वीकारी रहन सकेको भए भदौ २३ को घटना हुने नै थिए।'

थापाले कांग्रेस पार्टी कसैको प्राइभेट कम्पनी नभएको बताएका छन्। 'हामीलाई कारबाही गरेको सुनेका छौं,' थापाले भने-'यो पार्टी कसैको प्राइभेट कम्पनी होइन। कसैले हटायौं भनेर हट्ने होइन।'

महामन्त्रीबाट कारबाहीमा परेका विश्वप्रकाश शर्माले पार्टी र देशलाई बदल्नसक्ने मान्छे गगन थापा मात्रै भएको बताएका छन्। बुधबार भृकुटीमण्डपस्थित बन्दसत्र हलमा सम्बोधन गर्ने क्रममा उनले यस्तो बताएका हुन्। 'हामी प्रतिबद्ध गर्छौं, यो कांग्रेस नेतृत्व गर्नसक्ने र देशलाई बदल्नसक्ने दह्रो मान्छे गगन थापा हो। यहाँ अलमलिनुपर्ने कारण नै छैन।'-उनले भने।

आफू कारबाहीबाट नआत्तिएको बताउँदै राजनीतिमा कहिलेकाहीं यस्तो हुने जिकिर गरे। यसलाई स्वाभाविक रुपमा लिन पनि शर्माले जानकारी दिएका छन्। 'हामी यसलाई बदल्छौं। कारबाहीमा परेका हामी नै आत्तिएका छैनौं। राजनीतिमा यस्तो हुन्छ। यो स्वाभाविक हो।'-उनले भनेका छन्।

देउवा पक्षले कारबाही गरेका सह-महामन्त्री फरमुल्लाह मन्सुरले बहुमत कार्यकर्ताको बेगलाई कुनै निर्णयले परिवर्तन गर्न नसक्ने बताएका छन्।

बिशेष महाधिवेशन पक्षधरले संस्थापन पक्षसंग विशेष महाधिवेशनको स्वामित्व साझा रूपमा लिनुपर्ने, विशेष महाधिवेशन परिमार्जनसहित पारित प्रस्तावहरु कार्यान्वयन गर्ने,सभापति देउवाले सक्रिय राजनीतिक भुमिका निर्वाह नगर्ने, सो क्रममा उम्मेदवारी पत्रमा सभापतिले हस्ताक्षर नगर्ने, उम्मेदवार चयन गर्न संसदीय बोर्ड गठन गर्ने,आगामी निर्वाचनमा एक ढिक्का भएर मैदानमा जाने, कुनै पनि दलसँग गठबन्धन नगरेर नेपाली काँग्रेसले आगामी निर्वाचनमा एक्लै प्रतिस्पर्धा गर्ने, आगामी निर्वाचनमा पार्टीबाट प्रधानमन्त्रीको उम्मेदवार घोषणा गरेर जाने र यी सबै कार्य समन्वय र कार्यान्वयन गराउन ५ सदस्यीय संरचना गठन गर्ने माग राखेका थिए। तर संस्थापन पक्ष यी मागमा सहमत हुन तयार नभएपछि सहमति भांडिएको र संस्थापन पक्षले योजनाबद्धरुपमा दुई महामन्त्री र सह-महामन्त्री फर्मुल्लाह मन्सुरलाई कारबाही गरेर तुरुन्तै निर्वाचन आयोगमा कारबाहीको पत्र दर्ता गरेको थियो।

## 'विशेष महाधिवेशनले गर्ने निर्णयले वैधता पाउँछ : कानुनविद्

बुटवल। वरिष्ठ अधिवक्ता शम्भु थापाले विशेष महाधिवेशनले बहुमतबाट नीति र नेतृत्व चयन गरेमा त्यसले वैधानिकता पाउने दाबी गरेका छन्। नेपाल बारका पूर्व अध्यक्ष एवं संविधानविद् थापाले रुपान्तरणका लागि जनतासँग जाने शक्तिले नै वैधानिकता पाउने बताए। 'जनतासमक्ष गएको क्रियालाई कसैले अवैधानिक भनेर रोक्न मिल्दैन,' थापाले भने-'बन्द कोठामा अधिकार मेरै पक्षमा छ भन्न सकिएला, तर बहुमत महाधिवेशन प्रतिनिधिले नयाँ नेतृत्व चयन गरेपछि मैले पदावधि बढाएको थिएँ वा केन्द्रीय समितिबाट निर्णय भएको छैन भन्नु वैधानिक हुँदैन।'

उनका अनुसार यसरी बढाइएको अवधि आफ्नै नजरमा मात्रै मान्य हुन सक्छ, तर जनताबाट बहुमत पाएपछि निर्वाचन आयोग वा अदालतले पनि त्यसलाई मान्यता दिँदैन। 'भृकुटीमण्डपमा जारी विशेष महाधिवेशनले बहुमत पुऱ्यायो भने त्यसलाई मान्यता दिन कसैले रोक्न सक्दैन।'-उनले भने।

उनले वर्तमान सभापति शेरबहादुर देउवाको दुई कार्यकाल सकिएको उल्लेख गर्दै भने-'अवधि सकिएको अवस्थामा त्यसलाई बढाउनु भनेको अधिकार आफूमै राखिराख्ने चाहना हो, जुन कानुनको दृष्टिमा उचित देखिँदैन।' यही अनुभूतिका कारण विशेष महाधिवेशनको माग उठेको उनको भनाइ छ।

संविधानविद् तथा कानुनका जानकार विपिन अधिकारीले कांग्रेसको सर्वोच्च निकाय महाधिवेशन भएकाले विधानबमोजिम अधिकार प्रयोग गर्न स्वतन्त्र रहेको बताए। 'महाधिवेशनले वैधानिक रूपमा आफ्ना बाटा आफैं तय गर्न सक्छ,' उनले भने-'विशेष महाधिवेशनमा बहुमत प्रतिनिधिको उपस्थितिमा गरिएको निर्णयले वैधानिक र राजनीतिक दुवै वैधता राख्छ।'

» बाँकी ३ पेजमा

## रवीविरुद्धका संगठित अपराध र सम्पत्ति शुद्धिकरण अभियोग फिर्ता



बुटवल। महान्यायाधिवक्ता कार्यालयले पूर्व गृहमन्त्री रवि लामिछानेविरुद्ध विभिन्न जिल्ला अदालतमा चलिरहेको संगठित अपराध र सम्पत्ति शुद्धिकरणको अभियोग फिर्ता लिन सम्बन्धित सरकारी वकिलहरूलाई स्वीकृति दिएको छ।

महान्यायाधिवक्ता कार्यालयको यो निर्णयसँगै कास्की, रूपन्देही, काठमाडौं र पर्साको सरकारी वकिलको कार्यालय संगठित अपराध र सम्पत्ति शुद्धिकरणको अभियोग फिर्ता लिनेछन्।

'सहकारी ठगीको मुद्दा यथावत् हो, संगठित अपराध र सम्पत्ति शुद्धिकरणको अभियोग फिर्ता लिनेगरी मात्रै आरोपपत्र संशोधन गर्ने स्वीकृत दिइएको हो,' महान्यायाधिवक्ता सविता भण्डारी बरालले भनिन्-'यसलाई मुद्दा फिर्ता लिएको रुपमा बुझ्न हुँदैन।'

उनले बुधबार ४ वटा जिल्ला अदालतमा चलिरहेको अभियोगपत्र संशोधन गर्न स्वीकृत दिने निर्णय गरेकी थिइन्। यो निर्णयपछि जिल्ला अदालत कास्कीमा चलिरहेको सम्पत्ति शुद्धिकरण र संगठित अपराधको मुद्दा फिर्ता हुनेछ।

त्यसका साथै, रूपन्देही, काठमाडौं र पर्सामा चलिरहेको संगठित अपराधको मुद्दा पनि फिर्ता हुनेछ। तर, चितवन जिल्ला अदालतमा संगठित अपराध र सम्पत्ति शुद्धिकरण कुनै पनि मुद्दा नचलेकाले अभियोगपत्र संशोधन गर्ने निर्णय भएको छैन।

## फागुन २१ गते चुनाव हुनेमा शंका नगरौं : गृहमन्त्री




बुटवल। गृहमन्त्री ओमप्रकाश अर्यालले सुरक्षा निकायको मनोबल उठाउनका लागि सरकारले कुनै कसर बाँकी नराख्ने बताएका छन्।

बुधबार जनकपुरमा मधेश प्रदेशस्तरीय सुरक्षा गोष्ठीको उद्घाटन गर्दै गृहमन्त्री अर्यालले आसन्न निर्वाचनलाई स्वतन्त्र, निष्पक्ष तथा धाँधलीरहित रूपमा सम्पन्न गराउनमा सुरक्षा निकायको महत्वपूर्ण भूमिका हुने भएकाले उनीहरूको मनोबल उठाउनका लागि सरकारले कुनै कसर बाँकी नराख्ने बताएका हुन्।

उनले आगामी फागुन २१ गते हुने चुनावलाई सफल बनाउनका लागि सरकारले सुदृढ शान्ति सुरक्षा व्यवस्था मिलाउने गरी अगाडि बढेको धारणा राखे। निर्वाचनलाई सफल बनाउन शान्ति सुरक्षादेखि निर्वाचन आयोगलाई चाहिने हरेक प्रकारका सहयोग गरिरहेको उनको भनाइ छ।

गृहमन्त्री अर्यालले जेनजी आन्दोलनको म्याण्डेडअनुसार सुशासन कायम गर्दै ६ महिनाभित्र निर्वाचन सम्पन्न गर्न सरकार तत्पर रहेकाले कुनै आशंका नगर्न आग्रह समेत गरे।

उनले कुनै पनि हिंसा हुन नदिन सरकारले रोकथामका जोड दिएको बताए। सामाजिक सञ्जालको दुरुपयोगतर्फ सचेत रहन आग्रह गर्दै उनले त्यस्ता काममा लाग्ने जोकोहिलाई कारबाही हुने चेतावनी पनि दिए।

# सेवा प्रवाहमा प्रदेशकै दोस्रो अस्पताल बन्यो भीम

सन २०२२ मा ८८ अंक पाएको अस्पतालले सेवालाई बढाउँदै सूचकहरू वर्षेनी पार गर्दै २०२३ मा ९०, २०२४ मा ९४ र २०२५ मा ९५ अंक थप प्राप्त गरी अस्पतालको गुणस्तर सुधारमा उल्लेख्य प्रगती हासिल गरेको छ।




मोहम्मद हबिब

*भैरहवा*

भीम अस्पताल २५ वेडको स्वीकृत दरबन्दी जनशक्तिले सञ्चालनमा आए पनि १०० वेडमा सञ्चालन गर्दा समेत न्यूनतम स्वास्थ्य सेवा मापदण्ड मूल्यांकनमा ९५ अंक प्राप्त गरेको छ। सीमित जनशक्ति र पूर्वाधारका बाबजुत बिरामीलाई प्रदान गर्ने गरेको उपचार सेवा र अस्पताल सञ्चालनको व्यवस्थापन उत्कृष्ट रहेको छ। लुम्बिनी प्रदेशका जिल्ला अस्पतालहरु मध्ये स्वास्थ्य मापदण्डमा ९६ अंकसहित बर्दिया अस्पताल प्रथम र यो अस्पताल दोस्रो भएको हो।

विगत केही वर्षदेखि भीम अस्पतालले आफ्ना सेवालाई प्रभावकारी र सुधार गर्दै प्रदेश निर्देशनालयको यो मूल्यांकनमा वर्षेनि प्राप्तांक अंक बढाएको छ। सन २०२२ सालमा ८८ नम्बर पाएको अस्पतालले सेवालाई बढाउँदै सूचकहरु वर्षेनी पार गर्दै २०२३ मा ९० अंक प्राप्त गरेको थियो। गत वर्ष ९४ अंक र अहिले १ अंक थप गर्दै ९५ अंक प्राप्त गरी अस्पतालको गुणस्तर सुधारमा उल्लेख्य प्रगती भएको छ। लुम्बिनी प्रदेश मातहत आएपछि अस्पतालले सेवा प्रवाह र सुशासनमा उल्लेख्य सुधार गरेको छ।

न्यूनतम मापदण्ड सेवा मूल्यांकनका संयोजक समेत रहेका कपिलवस्तु अस्पतालका प्रमुख तथा अनुगमन समितिका संयोजक डा. किशोर बञ्जाडेले अस्पातल सेवा दिनका लागि कत्तिको तयार छ भनि पनि सूचकको आधारमा मापन गरिन्छ। सूचकका कुराहरु भएमा मात्रै सहज रुपमा सेवा दिन सकिने भएकोले नै प्रदेश सरकारले यो मापनको सुरुवात गरेको हो, यो प्रत्येक वर्ष प्रत्येक अस्पतालको हुने गर्छ र भीम अस्पताले आफ्नो सेवा अब्बल बनाउँदै प्रदेशकै दोस्रो स्थान हासिल गर्न सफल भएको जनाए।

'यसले अस्पताल कति सक्षम छ भन्ने पनि देखाउँछ, सूचकअनुसार अझै पनि केही कमिकमजोरी छन्, त्यसलाई सुधार गर्दै सेवालाई अझ चुस्त बनाएर आगामी दिनमा अझै उत्कृष्ट बन्नुपर्छ। यसका लागि टिम बनाएर आमनागरिकको उपचार सेवामा लाग्नुपर्छ,' संयोजक बञ्जाडेले भने -'लुम्बिनी प्रदेश स्वास्थ्य निर्देशनालयले हरेक वर्ष गर्ने न्यूनतम सेवा मापदण्ड कार्यान्वयन कार्यक्रमले अस्पतालको सेवा तथा व्यवस्थापन प्रभावकारी हुने गर्दछ।'

उनले अस्पतालको सेवालाई प्रभावकारी बनाउन अस्पताल व्यवस्थापन पक्षलाई जिम्मेवार बनाउने, अस्पतालको कमिकमजोरीलाई सुधार गर्दै आगामी योजना प्रभावकारी बनाउनमा सहयोग गर्ने बताए।

मूल्यांकन टोलीले ९ सय ३९ वटा सूचकलाई आधार मानेर भीम अस्पतालको स्थलगत मूल्यांकन गर्दा सन् २०२५ मा यो ९५ अंक प्राप्त गरेको हो। संयोजकसहितको अनुगमन टोलीले स्थलगत अनुगमन पछि न्यूनतम सेवा मापदण्ड कार्यान्वयन कार्यक्रमको नतिजा सार्वजनिक गरेको डा. अच्युत न्यौपानेले उल्लेख गरे।

समितिले गरेको मूल्यांकनमा भीम अस्पतालमा सिटी स्क्यान, एनआइसीयू, नेत्रसेवा, छालारोग र नाका, कान, घाँटी सेवा न्यूनतम सेवा मापदण्डले गरेको परिकल्पनाभन्दा पनि माथि रहेर विशेषज्ञ सेवा उपलब्ध गराएको छ।

» बाँकी ३ पेजमा



# सम्पादकीय

## कांग्रेस विभाजनः मुलुक र लोकतन्त्रको पराजय

अन्ततः कांग्रेस फुटेको छ। राजनैतिक दलको जीवनमा टुटफुट र जुट सामान्य प्रक्रिया भए पनि मुलुकको विषम अवस्थामा लोकतान्त्रिक अभ्यास गरेको ठूलो राजनैतिक दलको विभाजन स्वंय दलको लागि मात्रै नभई मुलुककै लागि दुर्भाग्य हो। जेनजी आन्दोलन र विध्वंशपछि मुलुक दिशाहिन भएको र संविधानले बाटो विराएको बेला मुख्य राजनैतिक दल जिम्मेवार भई मुलुकलाई सही बाटोमा लैजान्छन् भन्ने विश्वास यो फुटले टुटाइदिएको छ। मुलुकमा लोकतान्त्रिक व्यवस्था बलियो र संस्थागत बन्न लोकतान्त्रिक दल बलियो बन्नुपर्छ, तर कांग्रेस विभाजनले मुलुक र लोकतन्त्रले मूल्य चुकाउनुपर्ने जोखिम बढेको छ।

कांग्रेसभित्रको घरझगडा पहिलेदेखि चल्दै आएको थियो। नेतृत्व हस्तान्तरणका बारेमा चल्दै आएको बहस जेनजी आन्दोलनपछि तीव्र भयो। सभापति शेरबहादुर देउवाले कार्यबहाक सभापति पूर्णबहादुर खड्कालाई दिएर आगामी महाधिवेशनपछि नेतृत्वबाट बिदा हुने जानकारी दिए। त्यसपछि पनि कांग्रेसले लय समात्न सकेन्। लामो बैठकपछि पनि कांग्रेसले महाधिवेशन कहिले भन्ने निर्णयमा पुग्न सकेन्। महाधिवेशन चुनाव अघि कि पछि भन्ने विषय पेचिलो बन्यो। विशेष महाधिवेशनका लागि ५४ प्रतिशत महाधिवेशन प्रतिनिधिले हस्ताक्षर गरे। चुनावअघि महाधिवेशन हुने सम्भावना नभएपछि अन्ततः महामन्त्री गगन थापाको नेतृत्वको समूहले विशेष महाधिवेशनको आयोजना गर्‍यो। महाधिवेशनमा ६४ प्रतिशत प्रतिनिधि सहभागी भएको भनिएको छ। संस्थापन र थापा पक्षबिच सहमतिका लागि चरण चरणमा छलफल भयो, तर दुवै पक्ष सहमतिमा पुग्न सकेनन्। पार्टी सभापति शेरबहादुर देउवाले छाड्नुपर्ने, प्रधानमन्त्री थापालाई घोषणा गरेर चुनावमा जानुपर्ने, चुनावमा दिने टिकटका लागि अधिकार सम्पन्न संसदीय बोर्ड गठन हुनुपर्नेलगायतका मागमध्ये संस्थापन धेरै विषयमा लचियो भयो, तर चुनावअघि थापालाई प्रधानमन्त्री घोषणा गर्न र देउवाले सभापति छाड्न नसक्ने प्रष्ट पारेपछि कुरा मिलेन्। देउवा महाधिवेशनपछि सभापति छाड्न चाहन्छन्। देउवाले बेलैमा महाधिवेशन गरी सम्मानजनक बर्हिगमनको बाटोको पहलकदमी लिन नसक्दा अहिले कांग्रेस विभाजन भएको छ। त्यसो त महामन्त्री थापा र अर्का महामन्त्री विश्वप्रकाश शर्मा पनि उत्तिकै दोषी छन्। महामन्त्री थापा नेतृत्वको समितिले क्रियाशिल सदस्यता विवादको टुंगो लगाउन नसक्दा समस्या भएको संस्थापनको आरोप छ। अहिले देउवाको हस्ताक्षरको टिकट बोकेर चुनावमा जान सकिंदैन् भन्ने थापाको अडान र हड पनि कांग्रेस विभाजनको कारण बन्यो। राष्ट्रियसभा र समानुपातिक सूचीमा रहेका उम्मेदवारका लागि देउवाको हस्ताक्षर हुने तर प्रत्यक्षतर्फका उम्मेदवारको टिकटमा हस्ताक्षर गर्न पाइदैन् भन्ने कुरा पनि जायज होइन्।

कांग्रेसको आन्तरिक झगडाको व्यवस्थापन गर्न नसक्नु देउवाको जति कमजोरी छ, महामन्त्रीद्वय पनि जिम्मेवारी बाहिर छैनन्।

अब कांग्रेसको वैधताको विषयको टुंगो निर्वाचन आयोग र सर्वोच्च अदालतले मात्रै लगाउन सक्छ। निर्वाचन आयोग र सर्वोच्च अदालतमा मुद्दा पुगेपछि फागुन २१ मा घोषित चुनाव अनिश्चय बन्ने जोखिम छ। चुनावको मिति नसार्ने गरी सरकार, निर्वाचन आयोग र अदालतले पहलकदमी लिनु मुलुकका लागि हित हुनेछ।

# राष्ट्रिय योग दिवस मनाउँदै गर्दा



विष्णुहरि आचार्य (योगिराज)



तत्कालीन नेपाल सरकार मन्त्रिपरिषद्को बिक्रम सम्वत् २०७२ साउन २८ गतेको बैठकले माघ १ गतेलाई राष्ट्रिय योग दिवस मनाउने औपचारिक निणय गर्दै शिक्षा मन्त्रालयलाई जिम्मेवारी सुम्पेसँगै राष्ट्रिय योग दिवस मनाउन थालिएको हो। तत्कालीन शान्ति तथा पुनर्निर्माणमन्त्री नरहरि आचार्यको प्रस्तावमा मन्त्रिपरिषद्ले माग १ गतेलाई राष्ट्रिय योग दिवस घोषणा गरेको थियो। एघारौं राष्ट्रिय योग दिवस देशव्यापी रूपमा मनाउन 'स्वस्थ समाज, समृद्ध नेपाल र विश्व शान्तिका लागि योग' भन्ने मूल सन्देशका साथ संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले देशभरका सबै स्थानीय तहलाई परिपत्र गरेको छ। शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले यसको संयोजन गरी योगको सन्देश देशव्यापी रूपमा पुर्‍याउँदै आम नागरिकमा योग सचेतना अभियान दिनु यसको मुख्य उद्देश्य हुनुपर्छ।

राष्ट्रिय योग दिवस मनाउँदै गर्दा सरकारले नीतिगत र व्यवहारिक आधारमा योग विज्ञानलाई समय सापेक्ष बनाउन सके शिक्षा, स्वास्थ, खेलकुद र पर्यटन क्षेत्रमा उल्लेखनीय सुधार गरी देशलाई शान्ति र समृद्धिको दिशातिर अघि बढाउन सकिने सम्भाव्य आधारहरू धेरै देखिन्छन्। नेपालको सन्दर्भमा निम्न विषयसँग जोडेर योगलाई आम नागरिकसम्म पुर्‍याउन सके योगको महत्व अझ धेरै बढेर जाने थियो। जसले 'स्वस्थ समाज, समृद्ध नेपाल र शान्तिका लागि योग' भन्ने नारामा मात्रै सीमित नरहेर निम्न महत्वपूर्ण विषयहरूमा समेत नयाँ आयामहरू थप्न भूमिका खेल्ने थियो।

१ चिकित्सामा योग
२ शिक्षामा योग
३ पुनर्स्थापनामा योग
४ खेलकुदमा योग
५ पर्यटनमा योग

**चिकित्सामा योगः**

अहिलेको समयमा मानव स्वास्थ्यमा देखिने मुख्य समस्या भनेको नसर्ने रोग (उच्च रक्तचाप, मुटुजन्य रोग, मधुमेह, स्वासप्रश्वासजन्य समस्या तथा क्यान्सर) हुन्। नसर्ने रोगहरू असन्तुलित खानपान, शारीरिक निष्कृयता, व्यायामको कमी र कुलत तथा तनावजन्य मुख्य कारणले हुने गरेको विभिन्न अध्ययनहरूले पुष्टी गरेका छन्। विधिपूर्वक नियमित गरिने योग अभ्यासले सन्तुलित जीवन बिताउने कलाहरू सिकाउँदै यी रोगलाई न्यूनीकरण र व्यवस्थापन गर्न महत्वपूर्ण भुमिका खेल्दछ। नियमित गरिने योग अभ्यासले रोग प्रतिरोधात्मक क्षमता बढाउन सकिन्छ। योगका विभिन्न अभ्यासहरू जस्तै आशन, सटकर्म क्रिया, सात्विक आहार विधि, मुद्रा, प्राणयाम, ध्यान, र प्राकृतिक जीवनशैलीसहित दिनचर्याले मानव अस्तित्वका सबै कोषहरू सन्तुलित हुन्छन्। जसले गर्दा काम, क्रोध, लोभ, मोह, भय जस्ता असंयमित भावहरूबाट मुक्त भएर आनन्दमा आधारित जीवनशैलीको विकास गर्न सकिन्छ।

**शिक्षामा योगः**

पूराना ग्रन्थ, विभिन्न ऋषिमुनिहरूका दर्शन, सैद्धान्तिक ज्ञान र प्रयोगात्मक अभ्यास जस्ता विषयहरूको अध्ययन गर्दा योगले सिद्धान्तनिष्ठ, नैतिकता र सरल जीवन बिताउने जीवनशैलीले मार्गदर्शन गरेको विभिन्न अध्ययनहरूले पुष्टि गरेका छन्। योग ध्यान र प्रणायामको नियमित अभ्यासले सम्पूर्ण स्नायु प्रणालीमा सकरात्मक उर्जा प्रवाह गर्दछ। हर्मनहरूलाई क्रियाशिल बनाउँदछ। मनको चञ्चलता हटाउँदै शिक्षक र विद्यार्थीहरूमा स्मृतिशक्ति वा सम्झने ज्ञानलाई बढाउँछ। बाल बच्चाहरूमा उत्पन्न हुने मनोत्रासजन्य कारणबाट उत्पन्न हुने मानसिक तनावलाई पनि नियमित गर्ने योग अभ्यासले न्यूनीकरण गर्न सकिने विभिन्न अध्ययनहरूले प्रमाणित गरेका छन्। त्यसैले विद्यालय योग शिक्षामा सैद्धान्तिक ज्ञानसँगै प्रयोगात्मक अभ्यासले शिक्षामा समेत नयाँ उर्जा थप्न सकिन्छ।

**पुनर्स्थापनामा योगः**

विभिन्न किसिमका रोग, चोटपटक, दुर्घटना तथा मानसिक असन्तुलन जस्ता कारणहरूबाट उत्पन्न भएका समस्याहरूलाई सामान्य अवस्थामा फर्काउनु वा त्यसो हुन नसकेमा पनि ती दुःख पीडाहरूमा सहजता थप्नु नै पुर्नस्थापना हो। योग पुर्नस्थापनामा विशेष गरी हृदयघात मस्तिष्कघात, ठूला चोटपटक तथा दुर्घटनापछि हुने शारीरिक तथा मानसिक विचलन, क्यान्सर तथा कुलतमा रहेका बिरामीहरूमा प्रभावकारी छ। वैज्ञानिक अध्ययनहरूका अनुसार सामान्य पुनर्स्थापनाभन्दा योगिक पुनर्स्थापनाले त्यस्ता किसिमका विरामीहरूमा उच्च मनोवलका साथै आत्मबल बढाएको पाइन्छ।

**खेलकुदमा योगः**

योगले खेल जगतमा नयाँ उर्जा थप्न महत्वपूर्ण भूमिका खेल्दछ। नियमित योग अभ्यासले खेलाडीहरूलाई शारीरीक सुगठन, मानसिक एकाग्रता, दबाब थकान तथा समयको सन्तुलन कायम गर्दै अनुशासित र नैतिकवान बनाउँछ। योगले खेलाडीहरूमा अनुकुलता-प्रतिकुलता, जीत-हारमा समेत संयमित बनाउँदै सामाजिक सद्भाव कायम राख्ने मनोबलको विकास गराउँछ। योग आफैंमा व्यायाम तथा खेलकुदसँग जोडिएको विषय पनि हो। विभिन्न आसन, सूर्यनमस्कार, प्रज्ञायोग आदिलाई जोडेर समेत खेल आयोजना गर्न सकिन्छ। त्यसैले खेलकुदमा योग कार्यक्रमले पनि हाम्रो जस्तो देशमा एउटा फरक किसिमको विशेषता स्थापित गर्न सक्दछ।

**पर्यटनमा योगः**

प्राकृतिक सम्पदा र जैविक विविधताले भरिपूर्ण रहेको नेपाल भूमि योगको उद्गम स्थल हो। नाथ सम्प्रदायका शिष्य गोरखनाथले हठयोग ग्रन्थ लेखेको र गौतम बुद्धले योग र ध्यानको साधनाद्वारा शान्तिको सन्देश छरेको इतिहास हाम्रा सामु प्रष्ट छ। त्यसैले पनि हाम्रो भुमि योग पर्यटनका प्रसस्त सम्भावना रहेको ठाउँ हो। पर्वतीय क्षेत्रमा पर्यटकहरूलाई अक्सिजनको कमीका कारण उत्पन्न हुने विभिन्न किसिमका नकरात्मक असरहरू न्यूनीकरण गर्दै चेतना तथा आनन्दको विस्तार गर्न योग निकै महत्वपूर्ण छ। प्राकृतिक सुन्दरताले भरिपूर्ण शान्त ठाउँहरू नेपालमा प्रशस्त छन्। हिमाल, पहाड र तराईको त्रिपक्षीय सन्तुलन कायम रहेको सानो क्षेत्रफल भएको हाम्रो देशमा विश्वका पर्यटकहरूलाई आकर्षित गर्ने थुप्रै आधारहरू छन्। जहाँ योगका विभिन्न विधिहरूसहितका ध्यान केन्द्र र साधना स्थलहरू निर्माण गर्न सकिन्छ। जसबाट नेपाललाई छुट्टै पहिचान भएको देशका रूपमा विकास गर्दै आर्थिक समुन्नतिमा समेत टेवा मिल्ने छ। नवौ राष्ट्रिय योग दिवसले तीन तहको हाम्रो सरकारलाई नीतिगत र व्यवहारिक रूपमा आम नागरिकसम्म योगलाई जोड्न यसरी अभिप्रेरित गरोस्।

आचार्य योग अभियन्ता हुन्।

# किसानलाई सखरखण्ड खन्नेदेखि बिक्रीका लागि भ्याइ नभ्याइ

दाङ। यहाँको देउखुरी राप्ती नदी उकास जमिन, पाँगो बलौटे माटो। बिहान पुसको चिसो सिरेटोको बेवास्ता नराखी किसान फरुवा चलाउँदै सखरखण्ड निकाल्न व्यस्त छन्। कोही सखरखण्ड खन्दै, कोही भने टिप्दै र थुपार्दैछन् भने कोही बजार पठाउनका लागि बोरामा भर्दैछन्। घरका परिवारले मात्र नभ्याउने भएपछि अन्य कामदार लगाएर किसान सखरखण्ड खनिरहेका छन्।

राजपुर गाउँपालिका-३ खरदरियाका किसान रामछोर यादव समयमै खनेर बजारमा पुर्‍याउन सके राम्रो मुनाफा हुने भएकाले किसानले सखरखण्ड खन्दै बिक्री गर्ने काम गरिरहेको बताउँछन्। तीन बिघा जमिनमा सखरखण्डखेती गरेका यादवले एक बिघामा रोपेको करिब ३५ क्विन्टल सखरखण्ड बिक्री गरिसकेको बताए। 'दुई बिघा जमिनमा रोपेको सखरखण्ड खन्ने काम भइरहेको छ, खन्न सके सखरखण्ड लिन व्यापारी रोपेको ठाउँमै आउने गरेका छन्, बिक्रीका लागि कुनै समस्या छैन।'-उनले भने।

व्यापारीलाई भनेको समयमा समान दिइसक्नुपर्छ। करिब डेढ लाख रुपैयाँको सखरखण्ड बिक्री गरिसकेका यादव यो वर्ष एक सय क्विन्टल बढी उत्पादन भए रु तीन लाख ५० हजारसम्मको बिक्री हुने बताउँछन्। उनका अनुसार सेतो सखरखण्ड प्रतिकिलो रु ४० देखि ४५ र रातो सखरखण्ड रु ४५ देखि ४९ मा बिक्री भइरहेको छ। अन्य कृषि बालीको तुलनामा कम मिहिनेत र लगानीमै राम्रो आम्दानी लिन सकिने भएपछि धेरै किसानले पछिल्लो समय सखरखण्ड खेती गरेका सोही ठाउँका अर्का किसान धर्मप्रसाद यादव बताउँछन्।

माघे सङ्क्रान्तिमा सखरखण्ड खाने चलन रहेकाले बजारमा यसको व्यापार बढ्दै गएको सोही ठाउँका अर्का किसान सीता यादव बताउँछिन्। यो समयमा राम्रो बिक्री हुने भएकाले आम्दानी पनि मनग्य हुने उनको भनाइ छ। राजपुर गाउँपालिका-३ र ४ नं. वडाका २०० भन्दा बढी किसानले एकदुई कट्ठादेखि तीनचार बिघासम्म सखरखण्डको खेती गरेका छन्। एउटा किसानले थोरैमा रु २०-२५ हजारदेखि बढीमा रु ५-६ लाखसम्म यही समयमा सखरखण्ड बेचेर आन्दानी गर्छन् भने रु दुई करोड बढी पैसा गाउँ भित्रिन्छ। सखरखण्ड लिनका लागि व्यापारी बारीमै पुग्छन्।

गत वर्ष रु ५० देखि ५५ प्रतिकिलो सखरखण्ड बिक्री गरेका किसानले यस वर्ष रु ४० देखि ४५ प्रतिकिलोका दरले सखरखण्ड बिक्री गरिरहेका छन्। बिक्रीका लागि समस्या नभए पनि बिचौलियाका कारण उचित मूल्य नपाएको किसानको गुनासो छ। कम मिहिनेत र लगानीमा छोटो समयमा राम्रो आम्दानी हुने सखरखण्ड भदौमा रोपिन्छ भने पुसको दोस्रो साताबाट खन्न सुरु हुन्छ। देउखुरीको राजपुरमा उत्पादन भएको सखरखण्ड लमही, घोराही, तुलसीपुर बजारका साथै वुटवलदेखि कोहलपुर र सुर्खेतसम्म पनि पुग्ने गरेको किसान बताउँछन्।

# नेप्से परिसूचकमा झिनो अङ्कको सुधार



काठमाडौँ। नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा बुधबार झिनो अङ्कको सुधार देखिएको छ। नेप्से परिसूचक एक दशमलव ५२ अङ्कले बढेर दुई हजार ६४१ दशमलव ४३ को विन्दुमा कायम भएको हो। ३२० कम्पनीको एक करोड २५ लाख चार हजार ९७० कित्ता शेयर ७२ हजार ६७१ पटक खरिदबिक्री हुँदा रु छ अर्ब २० करोड ९४ लाख ३८ हजार ९०६ दशमलव ३७ को कारोबार भएको नेप्सेले जनाएको छ।

कारोबारमा विकास बैंक शून्य दशमलव शून्य एक, वित्त दुई दशमलव ५५, होटल तथा पर्यटन शून्य दशमलव ३१, जलविद्युत् शून्य दशमलव शून्य सात, लगानी शून्य दशमलव ११, म्युचुअल फण्ड शून्य दशमलव शून्य आठ, निर्जीवन बिमा शून्य दशमलव ३८ र व्यापार समूह शून्य दशमलव ६७ प्रतिशतले बढेको छ। अरु सबै समूहको उपसूचक घटेको छ। बैंकिङ शून्य दशमलव शून्य आठ, जीवन बिमा शून्य दशमलव शून्य एक, उत्पादन तथा प्रशोधन शून्य दशमलव ४१, लघुवित्त शून्य दशमलव शून्य पाँच र अन्य समूह शून्य दशमलव १३ प्रतिशतले घटेको छ।

सुपर मादी हाइड्रोपावर लिमिटेडको शेयर मूल्य सबैभन्दा बढी नौ दशमलव ९४ प्रतिशतले बढेको छ भने सबैभन्दा बढी आइसिएफसी फाइनान्स लिमिटेड डिबेन्चर-२०८८ तीन दशमलव ३० प्रतिशतले घटेको छ। कारोबार रकमका आधारमा सबैभन्दा बढी राधी विद्युत् कम्पनी लिमिटेडको रु २६ करोड २४ लाख चार हजार १८४ बराबरको कारोबार भएको छ। कारोबार भएका शेयर संख्याका आधारमा भने दोर्दीखोला जलविद्युत् कम्पनी लिमिटेडको सबैभन्दा बढी छ लाख ७१ हजार ११८ कित्ता शेयर खरिदबिक्री भएको छ।


## विनयी त्रिवेणी गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
नवलपरासी,बर्दघाट सुस्ता पूर्व
गण्डकी प्रदेश, नेपाल
स्था : २०७३

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रथम पटक प्रकाशन मितिः २०८२/१०/०१**

यस कार्यालयबाट विभिन्न मितिमा तपसिल बमोजिम कार्यको लागि आह्वान ठेक्कामा तपसिल बमोजिमको बोलपत्र दाताको कबोल अंक सारभूत रुपमा प्रभावग्राही भएकोले बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को प्रयोजनार्थ सम्बन्धित सबैको लागि प्रकाशन गरिएको छ।

**तपशिलः**

| सि.न. | बोलपत्र न. | आयोजनाको विवरण | छनौट भएको बोलपत्र दाताको नाम र ठेगाना | कबोल रकम (मु.अ.क. र प्रोभिजनलसम सहित ) |
|---|---|---|---|---|
| 1 | 18/BTRM/Works/NCB/2082-83 | Construction of Culvert at Kaligogdi and Kusunde | Himanshi Construction SahajpurKailali | रु. ११६९०१७८.५२ |
| 2 | 21/BTRM/Works/NCB/2082-83 | Construction Works of Roads, Side drais, Pipe Culverts, Compound wall, Paints and toilets at Various Locations of Binayi Tribeni ward no 6 &7 | GhimireNirmanSewa Kawasoti 14, Nawalparasi | रु. १२०३७४११.०५ |
| 3 | 22/BTRM/Works/NCB/2082-83 | Ward 3 koBibhinnaBatoIstarunnati | Trinity Construction and supply Pvt. Ltd BinayiTribeni 4 Nawalparasi | रु. ६९९३८३४.८७ |

प्रमुख प्रशासकीय अधिकृत

# इप्सा खेलकुद महोत्सवको तयारी

देवदह । रूपन्देहीको देवदहमा दोश्रो इप्सा खेलकुद महोत्सव-२०८२ हुने भएको छ । पूर्वी क्षेत्र निजी विद्यालय एशोसियसन (इप्सा) रुपन्देहीको आयोजनामा दोश्रो इप्सा खेलकुद महोत्सव-२०८२ हुने भएको हो ।

विद्यार्थीहरुबिच आत्मियता, सौहार्द्धता, मेलमिलापको भावना जागृत गराउने तथा खेलमा रुचि राख्ने विद्यार्थीहरुलाई प्रोत्साहित गर्ने गरी प्रतियोगिताको आयोजना गरेको जनाएको छ । दोश्रो इप्सा खेलकुद महोत्सवको बारेमा जानकारी दिने उद्देश्यले आयोजित पत्रकार सम्मेलनमा यही माघ २ गतेदेखि ४ गतेसम्म देवदह-५, पानकारी खेल मैदान दोश्रो इप्सा खेलकुद महोत्सव हुने खेल संयोजक कमल पौडेलले जानकारी दिए ।

पत्रकार सम्मेलनमा बोल्दै संयोजक पौडेलले विद्यार्थीहरुलाई सवजुनियर, जुनियर र सिनियर गरी तीन समूहमा विभाजन गरिएको जानकारी दिए ।

दोश्रो इप्सा खेलकुद महोत्सव-२०८२ मा भलिबल बाहेक २२ विद्यामा इप्सामा आबद्ध १५ वटा विद्यालयका करिव ९ सय विद्यार्थीहरुले प्रतिस्पर्धा गर्ने जानकारी उनले बताए । दोश्रो इप्सा खेलकुद महोत्सवमा एथलेटिक्स, रिले दौड, सटफुट, ज्याभलिन थ्रो, भलिवल खेलमा विद्यार्थीहरुले प्रतिस्पर्धा गर्ने संयोजक पौडेलले जानकारी दिए ।

यसैगरी प्रतियोगितामा छात्र, छात्रा भलिबल हुने जनाउँदै भलिबलका विजेताले नगद २५ हजार, उप-विजेताले नगद १५ हजार र तृतीय हुनेले नगद ५ हजार प्राप्त गर्ने छन् ।

प्रतियोगिता सम्पन्न गर्न करिव ५ लाख खर्च लाग्ने जनाउँदै इप्सामा आबद्ध विद्यालयले त्यसको व्यवस्थापन गरिने जनाएको छ । प्रतियोगितामा एउटा विद्यार्थीले भलिबल बाहेक २ वटा विद्यामा मात्र भाग लिन पाउने खेल संयोजक पौडेलले जनाए ।

# लुम्बिनी बोर्डिङ्मा खेल महोत्सव सम्पन्न

बुटवल । बुटवल ३ चिडियाखोला सहम्रपथमा रहेको लुम्बिनी बोर्डिङ् स्कुलमा सोमबारदेखि जारी भएको खेल महोत्सव विविध खेलहरूका साथ सम्पन्न भएको छ ।

खेल महोत्सवको अन्तिम दिन कक्षा १ देखि २ सम्मका विद्यार्थीहरूका बिच कक्षागत रुपमा क्यारी द कप र म्यजिकल चियर खेलहरू खेलाइएका थिए । यसैगरी कक्षा ४ र ५ का विद्यार्थीहरूका बिच व्लाइन्ट सट र स्पुन रेस जस्ता खेलहरू खेलाइएका थिए । कक्षा ६ देखि ९ सम्मका विद्यार्थीहरूका विचमा कक्षागत र अन्तर सदनात्मक रुपमा सर्ट फुट, टग अफ वार र व्लाइन्ड सट आदि खेलहरू खेलाइएको थियो । पुष २९ गते र ३० गते सम्पन्न भएका खेलका विजेता विद्यार्थीहरूलाई विद्यालय व्यवस्थापन समितिका अध्यक्ष दयाराम बस्याल, विद्यालयका प्राचार्य लालहरि पाण्डे, विद्यालय व्यवस्थापन समितिका उपाध्यक्ष कौशलराज बस्यालले पदक र प्रमाणपत्र प्रदान गरी सम्मान गरेका थिए ।

### विशेष...

कांग्रेसको विधानअनुसार विशेष महाधिवेशन वैधानिक प्रक्रिया नै भएको र विधानले यसलाई रोकटोक नगरेको अधिकारीको भनाइ छ । वरिष्ठ अधिवक्ता चन्द्रकान्त ज्ञवालीले ४० प्रतिशत प्रतिनिधिले माग गरिसकेपछि सभापतिले विशेष महाधिवेशन बोलाउनैपर्ने बाध्यात्मक व्यवस्था विधानमा रहेको बताए ।

'सभापतिले महाधिवेशन बोलाउनुपर्थ्यो, त्यो बाध्यात्मक हो,' उनले भने-'यदि सभापतिले नबोलाएमा पार्टीको अर्को कुनै पदाधिकारीले बोलाएको विशेष महाधिवेशन पनि वैधानिक नै हुन्छ ।' उनका अनुसार बहुमत प्रतिनिधिको उपस्थितिमा गरिएको निर्णयले वैधानिकता पाउँछ, किनकि लोकतन्त्र बहुमतकै शासन हो ।

नेपाल बार एसोसिएसनका पूर्वअध्यक्ष तथा वरिष्ठ अधिवक्ता गोपालकृष्ण घिमिरेले महामन्त्री तथा सहमहामन्त्रीमाथि गरिएको कारबाही विधानअनुरूप नभएको बताएका छन् ।

पत्रकारसँगको कुराकानीमा उनले नेपाली कांग्रेसको केन्द्रीय समितिले गरेको निर्णयलाई 'दुर्भाग्यपूर्ण' भन्दै विधानको स्पष्ट व्यवस्थाविपरीत कदम चालिएको टिप्पणी गरेका हुन् ।

घिमिरेले पार्टी विधानको धारा १७ (२) ले विशेष महाधिवेशन बोलाउने स्पष्ट व्यवस्था गरेको र विधानले दिएको अधिकार प्रयोग गर्दै विशेष महाधिवेशनको माग वा प्रक्रिया अघि बढाइँदा त्यसलाई आधार बनाएर कारबाही गर्नु अवैधानिक भनेका हुन् । विधानअनुसारकै काममा अनुशासनको नाममा गरिएको कारबाहीले पार्टीभित्र गलत नजिर स्थापित हुने उनको भनाइ छ । विशेष महाधिवेशनको विषयमा स्वामित्व लिने वा नलिने भन्ने बहस चलिरहेकै बेला अचानक निष्कासनको निर्णय आएको भन्दै उनले समय र नियतमाथि पनि प्रश्न उठाएका छन् ।

'विशेष महाधिवेशनको बहानामा यस्तो कारबाही गर्नु दुर्भाग्यपूर्ण नै हो ।'- घिमिरेको धारणा छ । उनले यो विवाद अब निर्वाचन आयोग हुँदै सम्भवतः अदालतसम्म पुग्ने देखिन्छ र अन्तिम निर्णय त्यहीँबाट आउन सक्ने बताए । विधानको व्याख्या र प्रयोगसम्बन्धी विषय भएकाले कानुनी परीक्षणबाटै यसको टुंगो लाग्ने उनको आकलन छ ।

वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठीले पनि नेपाली कांग्रेसको शेरबहादुर देउवा पक्षले गगनकुमार थापा, विश्वप्रकाश शर्मा र फरमुल्ला मन्सुरलाई कारबाही गर्ने अधिकार नै नराख्ने बताएका छन् । विशेष महाधिवेशनको मिडिया सेन्टरमा आयोजित पत्रकार सम्मेलनमा त्रिपाठीले यस्तो बताएका हुन् । 'जसजसलाई कारबाही गरिएको भनिएको छ । यसलाई विधानले चिन्दैन । कारबाही गर्ने अधिकार उहाँहरूलाई छैन,' उनले भने-'कांग्रेसको विधानको धारा १७ (२) को व्यवस्थाअनुसार विशेष महाधिवेशनलाई सहजीकरण गर्दा कारबाही गर्ने मिल्दैन ।' उनले विशेष महाधिवेशनले पार्टीको केन्द्रीय समितिलाई भंग गरिसकेको र नयाँ निर्वाचित समिति नै कांग्रेसको आधिकारिक समिति हुने बताए । 'दुई तिहाइ महाधिवेशन प्रतिनिधि यहाँ उपलब्ध छन् भनिएको छ । निर्णय गर्ने अधिकार त यहाँ छ नि,' उनले थपे-'अब यसले पेस गरेको विवरण निर्वाचन आयोगले अध्यावधिक गर्नुपर्छ । निर्वाचन आयोग कानुनी कर्तव्यले बाँधिएको छ । यहाँ विवाद भएको छ । उसले निरुपण गर्नुपर्ने हुन्छ । आयोगले यो वैध छ या छैन भन्नुपर्ने हुन्छ । डकुमेन्ट हेरेर स्वीकार गर्नुपर्नेछ ।' उनले पार्टी विभाजन नभएको पनि दाबी गरे । 'पार्टी फुटेको हैन । हिजो देउवाजीलाई निर्वाचित गरेका महाधिवेशन प्रतिनिधिले आज गगनसहितलाई निर्वाचित गर्न लागेका हुन् । अवैधानिक भन्न मिल्दैन ।'-उनले भने ।

### सेवा...

यस्तै केही सेवामा घटोत्तरी पनि भएकोले समग्रमा गत वर्षभन्दा ८ अंक थपिएर प्रतिशतमा १ प्रतिशत बढेको हो ।

लैंगिक हिंसामा परेका पीडितका लागि अस्पतालमा प्रदान गरिने एकद्वार संकट व्यवस्थापन केन्द्र, बिरामीका लागि कुरुवा घर, अप्रेसन थिएटर, ल्याव, ब्लडबैंक, पिउने पानीको परीक्षण, फोहोर व्यवस्थापन, स्वास्थ्य जाँचका लागि कुन बिरामीलाई कुन चिकित्सकसँग पठाउने ? भन्ने बारे स्क्रिनिङ कक्ष, फिजियो थेरापी, प्रकोप व्यवस्थापन सबै व्यवस्थित रहेको अनुगमन तथा मूल्यांकन समितिले पाएको छ ।

अस्पतालका मेडिकल सुपरिटेन्डेण्ट वर्षा थापाले पछिल्ला दिनमा अस्पतालमा विशेषज्ञ चिकित्सकको सेवा उपलब्ध हुन थालेपछि उपचार सेवा थप प्रभावकारी हुँदै गएको बताइन् । सीमित जनशक्तिकाबिच अस्पतालले गुणस्तरीय सेवा प्रदान गर्नमा चुनौती पनि छ, अस्पतालमा अपुग जनशक्ति व्यवस्थापन गर्दै सेवालाई अझै प्रभावकारी बनाउँदै लैजानु पर्ने उनले जनाइन् । उपचार सेवा राम्रो भएपछि पछिल्लो समय अस्पतालमा बिरामीको चाप बढेको छ । 'यो मूल्यांकनबाट अस्पतालमा देखिएका कमिकमजोरीलाई सुधार गर्दै भावी योजना तथा कार्यक्रम बनाइने छ, गरिब तथा विपन्न समुदायले बढीभन्दा बढी उपचार गर्न आउने अस्पताल भएकाले सेवा छिटोछरितो र प्रभावकारी हुनुपर्नेमा सधैं सचेत रहेका छौं ।-उनले भनिन् ।

अस्पताल विकास समितिका अध्यक्ष डा.अनन्तकुमार शर्माले सबैको प्रयासले यो सफलता हासिल गरिएको जनाए । अझै पनि थप सेवा दिनका लागि हामी लागिपरेका छौं, यसपछिका अस्पतालमा भएका विकासको तुलनामा भिम पछि परे पनि सबैको साथ भए यसको विकास हुने उनले बताए ।

एकजनाको प्रयासले अस्पताललाई सबैको भरोसायोग्य बनाउन नसकिने जनाउँदै उनले यसका लागि सबै विभागले उत्तिकै काम गर्नुपर्ने जनाए ।

सिद्धार्थनगर नगरपालिकाका प्रमुख इस्तियाक अहमद खाँले स्थानीय सरकारले पनि अस्पतालको अपनत्व लिएर अगाडि बढेको छ, अस्पताल अहिले उत्कृष्टतातर्फ अघि बढीरहेको जनाए । धेरै राम्रो अभ्यास अहिले अस्पतालले गरेता पनि फोहोर मैला व्यवस्थापन, सरसफाइ र हरियालीमा ध्यान दिनुपर्ने आवश्यकता रहेको बताउँदै उनले स्थानीय बुझेको मेसु पाएकोले सबैले सहयोग र समन्वय गरी अझै विकासमा लाग्नु पर्ने र भएको सेवालाई बचाइ राखेर अझै राम्रो बनाउँदै लैजानुपर्ने बताए ।

अस्पतालका व्यवस्थापक सुरेन्द्र अधिकारीले भैरहवा क्षेत्रको सबैभन्दा पुरानो र सरकारी अस्पतालको रुपमा रहेको अस्पताल ५० शैयाको सूचीकृत रहे पनि १ सय ७ शैयाबाट सेवा दिँदै आएको बताए । अस्पतालले दक्ष जनशक्तिबाट उत्कृष्ट सेवा दिन थालेपछि अहिले सबै समुदाय र वर्गका नागरिकले भीम अस्पतालबाट उपचार तथा स्वास्थ्य सेवा लिइरहेका छन् । अस्पतालको सेवाहरु विस्तार हुँदै जाँदा स्वास्थ्य सेवा लिनेको संख्यामा स्वतः बढोत्तरी भएको छ ।

## राय सुझाव सम्बन्धी सार्वजनिक सूचना

प्रथम पटक प्रकाशित मिति : २०८२/१०/०१

वातावरण संरक्षण नियमावली २०७७ को (नियम ७ को उपनियम (२) सँग सम्बन्धित अनुसूची ९ बमोजिम रोहिणी गाउँपालिका अन्तर्गत रोहिणी गाउँपालिका क्षेत्र भित्रपर्ने रोहिणी खोला अन्तर्गत विभिन्न बगर खण्डबाट नदीजन्य पदार्थ ढुङ्गा, मिस्कट, बालुवा, भस्कट र माटो(नदीजन्य पदार्थ)आदि सङ्कलन एवम् उत्खनन् कार्यका लागि प्रारम्भिक वातावरणीय परीक्षण(IEE) (प्रावाप) प्रतिवेदन तयारी सम्बन्धी राय सुझावको लागि सार्वजनिक सूचना । लुम्बिनी प्रदेश, रुपन्देही जिल्ला, रोहिणी गाउँपालिका, गाउँ कार्यपालिकाद्धारा निम्न बमोजिको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | ठेगाना :रोहिणी गाउँपालिकाको कार्यालय,धकधई, रोहिणी गा.पा.-३, रुपन्देही, लुम्बिनी प्रदेश<br>इमेलःrohinigaupalika1@gmail.com<br>वेवसाइट :WWW.https://rohinimun.gov.np/<br>फो नं. : ०७१-४११०४७ |
| प्रस्तावको व्यहोरा | रोहिणी गाउँपालिका क्षेत्र हुँदै बग्ने रोहिणी नदीबाट ढुङ्गा, मिस्कट, बालुवा, भस्कट र माटो सङ्कलन, उत्खनन् कार्य गर्दा सामाजिक-आर्थिक, भौतिक, जैविक, र सांस्कृतिक वातावरणमा पर्ने प्रत्यक्ष-अप्रत्यक्ष (सकारात्मक र नकारात्मक) असरहरूबारे विश्लेषण गरी बिक्रीवितरण, निकाशी र आन्तरिक राजस्वमा वृद्धि गर्नु । |
| प्रभावपर्न सक्ने जिल्ला/न.पा./गा.पा | रुपन्देही जिल्ला, रोहिणी गाउँपालिका, रोहिणी खोला आसपासका वडा र गाँउ बस्ती । |

माथि उल्लिखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्नेक्रममा सो क्षेत्रको प्राकृतिक, सामाजिक, आर्थिक, भौतिक, जैविक, र साँस्कृतिक क्षेत्रमा के कस्तो प्रभाव पर्दछ भनीयकिन गर्न सो स्थानको गा.पा. तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी, भौतिक पूर्वाधार तथा स्थानीय बासिन्दा वा संघ संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले ७ (सात)दिनभित्रनिम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनुहुन अनुरोध गरिन्छ ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगाना :**

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | नाम : रोहिणी गाउँपालिका<br>ठेगाना : रोहिणी गाउँपालिका,रुपन्देही ,लुम्बिनी प्रदेश<br>इमेल : rohinigaupalika1@gmail.com<br>फो नं. : ०७१-४११०४७ |
| परामर्शदाताको नाम र ठेगाना | नामः चन्द्रा रिसर्च कन्सलूटेन्सी प्रा.लि.,ठेगाना : : पाणिनी गा.पा.-०६, अर्घाखाँची, लुम्बिनी प्रदेश, नेपाल<br>मो. नं. : ९८५७०६१४४१ (इन्द्रमणि पौडेल, कार्यकारी निर्देशक)<br>इमेल : bri@gmail.com/indramanipaudel@gmail.com |

## लुम्बिनी प्रदेश सरकार
## प्रदेश पूर्वाधार विकास प्राधिकरण
### राप्ती उपत्यका (देउखुरी) दाङ, नेपाल

## करार सेवाममा जनशक्ति नियुक्ति सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति :२०८२/१०/०१**

प्रदेश पूर्वाधार विकास प्राधिकरण, राप्ती उपत्यका (देउखुरी) दाङका लागि देहाय बमोजिमको पदहरु करार सेवामा पदपूर्ति गर्नुपर्ने भएकाले इच्छुक योग्य नेपाली नागरिकले सूचना प्रकाशित भएको मितिबाट १० (दश) दिनभित्र यस कार्यालयको इमेल मार्फत वा सोझै कार्यालयमा उपस्थित भई आवश्यक योग्यताका प्रमाणपत्र सहित आवेदन दिन सकिने व्यहोरा जानकारी गराइन्छ । विज्ञापन सम्बन्धी विस्तृत विवरण यस कार्यालयको वेबसाइट ida.lumbini.gov.np मा उपलब्ध छ ।

**देहाय**

| क्र. सं. | विज्ञापन नं. | पद | सेवा/ समुह | तह | माग पद | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ०१/०८२/८३ | इन्जिनियर | ई/सिभिल/ स्ट्रक्चर | सातौ | १ | |
| २ | ०२/०८२/८३ | इन्जिनियर | ई/सिभिल/ जनरल | सातौ | १ | |

**आवश्यक न्यूनतम योग्यता :**

क) **विज्ञापन न १ को लागि** : नेपाल सरकारको मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ्गवा सो सरह विषयमा स्नातक उतिर्ण गरी नेपाल इन्जिनियरिङ परिषदमा दर्ताभएको (अन्तिम बर्षको projectworkstructure मा सम्पन्न गरेको)।

ख) **विज्ञापन नं. २ को लागि** : नेपाल सरकारको मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ्ग वा सो सरह विषयमा स्नातक उतिर्ण गरी नेपाल इन्जिनियरिङ परिषदमा दर्ता भएको।

उमेद्धारको उमेको हदः- १८ बर्ष पुरा भई ४० वर्ष ननाघेको ।

**दरखास्त साथ पेश गर्नु पर्ने कागजातहरु :-**

क) शैक्षिक योग्यताका प्रमाण-पत्रका प्रतिलिपिहरु- १/१ थान
ख) नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि-१ थान
ग) समकक्षता खुलाउनु पर्ने भए सो खुल्ने कागजातहरु
घ) सम्बन्धित परिषद दर्ता भएको प्रमाण-पत्रको प्रतिलिपि

**छनोट प्रक्रिया** :- सम्क्षिप्त सूचि प्रकाशन र अन्तर्वार्ता ।

**करार अवधिः**- ६ महिना ।

**दरखास्त दस्तुर**ः-रु १०००। (अक्षरुपी एक हजार)

नेपाल बैंक लि.को खाता नं.२७४०२०००००१००१०००००१ को कोड नं.३०१२५५६०१५ राजश्व शिर्षक नं.१४२२४ मा दाखिला गरेको बैंक भौचर संलग्न हुनु पर्ने छ ।

७. **दरखास्त फाराम** :- यस प्राधिकरणको Website:www.ida.lumbini.gov.np बाट प्राप्त गर्न सकिने छ ।

**पदपूर्ति समिति**

# Binayi Tribeni Rural Municipality
## Office of Rural Municipal Executive
### Nawalparasi (East of BardghatSusta), Dumkibas
### Gandaki Province, Nepal

## Seal Quotation

**Date of publication: 2082/10/01, (15th ,Jan, 2026)**

Office of BinayiTribeni Rural Municipality invitesHard Copy bids from eligible bidders for the following goodsunder Seal Quotation procedures.

| S.N. | Contract ID | Description of Goods | Estimate Amount | Bid Security Amount (NRs.) | Cost of Bid Document (NRs.) | Last Date of Bid submit | Bid Valid Period | Date of Pre-bid Meeting | Remarks |
|---|---|---|---|---|---|---|---|---|---|
| 1 | 24/BTRM /SQ/Goods/ 2082-083 | Procurement of Electronic Device (Laptop, Desktop, Printer) | 1849200.00 | 55476.00 | 1000.00 | 2082/10/16(30th, Jan, 2026) Before 12:00 | 45 Days | 2082/10/08(22nd, March, 2026) at 1:00 PM | |
| 2 | 25/BTRM /SQ/ Goods/ 2082-083 | Procurement of Agriculture and livestock machinery Goods | 1779000.00 | 53370.00 | 1000.00 | 2082/10/16(30th, Jan, 2026) Before 12:00 | 45 Days | 2082/10/08(22nd, March, 2026) at 1:00 PM | |
| Cost of Bidding Document in Bank | Name of the Bank: Siddharth Bank LTD Dumkibas branch, Nawalparasi(East )<br>Name of Office: BinayiTribeni Rural Municipality, Nawalparasi (East)<br>BinayiTribeniGaunpalika GA1.1 AantarikRajashwoKhata : 00815413078 | | | | | | | | |
| Cost of Bid Security in Bank | Name of the Bank: Siddhartha Bank LTD Dumkibas, Nawalparasi(East)<br>Name of Office: Binayi Tribeni Rural Municipality, Nawalparasi(East)<br>BinayiTribeniGaunpalika GA03 DharautiKhata. : 00815153326 | | | | | | | | |

1. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office BinayiTribeni Rural Municipality, Nawalparasi (East of bardghat-susta),Dumkibas. Phone no.078-416185, 078-416182, website: www.binayitribenimun.gov.np.
2. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative Officer**

## ट्वाइलेट सफा गराउनुहोस्
के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।
सम्पर्कः
तिनाउ सेनेटरी
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

## ट्वाइलेट सफा गराउनुहोस्
सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार

प्रो. रामशाह शाहानी
विशाल सेनेटरी
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

## ट्वाइलेट सफा गराउनुहोस्
तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।
- ट्वाइलेट, बाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।
सुपथ मूल्यमा काम गर्न र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
सम्पर्कः
सीताराम सफा सेनेटरी
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

# तिनाउ स्कुलद्वारा विपन्न माझी परिवारलाई राहत वितरण



बुटवल । बुटवल-११ देवीनगरस्थित तिनाउ इङ्ग्लिस बोर्डिङ् स्कुलले पाल्पाको बगनासकाली गाउँपालिका ६ मा बसोबास गरिरहेका माझी समुदायका अति विपन्न ४८ घर परिवारलाई राहत सामग्री वितरण गरेको छ । सामाजिक उत्तरदायित्वअन्तर्गत विद्यालयले उक्त राहत सामग्री वितरण गरेको हो ।

विद्यालयको तर्फबाट संयोजक नारायण पोखेलको नेतृत्वमा शर्मिला ज्ञवाली, सुस्मिता आचार्य, भुवन अधिकारी र प्रकृति बलामी मगर सहितको टोलीले उक्त समुदायलाई ४ दर्जन न्यानो ब्ल्याङ्केट, करिब ५ क्विन्टल चिउरा, बिस्कुटलगायत खाद्यान्न सामग्री वितरण गरेको छ ।

उक्त कार्यमा गाउँपालिका वडा नम्बर ६ का वडाध्यक्ष लक्ष्मीप्रसाद अधिकारी र सामाजिक व्यक्तित्व मनोज घिमिरेले समन्वयकारी भूमिका खेलेका थिए । यसअघि पनि संस्थाले नवलपरासी, कपिलवस्तु, पाल्पा जिल्लाका अनाथ आश्रम तथा शारीरिक रूपले अशक्त एवं असहायहरूलाई राहत वितरण गर्दै आएको छ । सामाजिक सेवा कार्य गर्नका लागि विद्यालयका शिक्षकहरूले दीपावलीको अवसरमा भैलो कार्यक्रमबाट आर्थिक संकलन समेत गरेका थिए ।

विद्यालयले प्रदान गरेका सामग्री पाएपछि माझी समुदायले राहत महसुस गरेका छन् ।

# उद्यानसम्बन्धी स्पष्ट कानुनको माग



बुटवल । शंकरनगर वन बिहार तथा अनुसन्धान केन्द्र (वनबाटिका) को १५औं वार्षिक साधारणसभा सम्पन्न भएको छ । सो अवसरमा बोल्दै प्रदेश सांसद एवं पूर्व मन्त्री भगवती घिमिरेले उद्यानहरुलाई व्यवस्थित बनाउन कानुन निर्माणमा प्रदेश सभाले भूमिका खेल्ने बताइन् । नेकपा माओवादीका नेता एवं शहीद पार्क विकास समितिका वसन्त श्रेष्ठ प्रज्ज्वलनले वनबाटिका राष्ट्रियस्तरमा उत्कृष्ट पर्यटकीय गन्तव्य बनेको बताए । उनले वनबाटिकामा अब अनुसन्धान केन्द्र को काम अघि बढाउनु पर्नेमा ध्यान केन्द्रित गर्न आग्रह गरे ।

नेपाल उद्यान महासंघका अध्यक्ष खेम लुइँटेलले शहरी र ग्रामीण सबै क्षेत्रको सौन्दर्य वृद्धि, वातावरण संरक्षण र मानव स्वास्थ्यका लागि हरेक वडामा उद्यान बनाउनुपर्नेमा जोड दिए । उद्यान सञ्चालन गर्ने कानुन नभएकाले उद्यानहरुले समस्या भोग्नुपरेको र ७५ प्रतिशत उद्यान वनभित्र रहेकाले अब धार्मिक वन, निजी वन जस्तै उद्यान वन घोषणा गरिनुपर्ने बताए । उनले उद्यानसम्बन्धी कानुन निर्माणका लागि लुम्बिनी प्रदेश सरकारसँग समन्वय गरिरहेको बताए ।

उद्यानलाई दोहोरो, तेहेरो कर लगाइएको र यो अव्यवहारिक छ भन्दै उनले पर्यटकको बसाई लम्ब्याउन पार्कहरुको भूमिका महत्वपूर्ण हुने बताए । संस्थाका अध्यक्ष खिमलाल पाण्डेले वार्षिक प्रतिवेदन प्रस्तुत गर्दै गत वर्ष ३ लाख ५६ हजार पर्यटकले भ्रमण गरेकामा यो वर्ष चार लाख बढी पर्यटक भित्र्याउने लक्ष्य रहेको बताए । अध्यक्ष पाण्डेले वनबाटिकाभित्र सन्ध्याकालीन पार्क बनाउन डीपीआर तयार भएको, बोटानिकल गार्डेन निर्माणलगायतको काम अघि बढाउने जनाए । यस्तै आगामी वर्षदेखि पर्यटन पत्रकारिता पुरस्कार वितरण गर्ने समेत अध्यक्ष पाण्डेले आफ्नो प्रतिवेदनमा उल्लेख गरे ।

कार्यक्रममा एमाले नगर अध्यक्ष मीनप्रसाद पोखेल, नेकपा तिलोत्तमा संयोजक बेलप्रसाद शर्मा, शंकर नगर सामुदायिक वनका अध्यक्ष रवीन्द्र बस्नेत, आजीवन सदस्य कमला ज्ञवाली, आजीवन सदस्य रमेश बस्याल, लेखा सुपरिवेक्षण समिति संयोजक प्रदीप पराजुलीलगायतले विभिन्न सुझाव दिएका थिए ।

साधारणसभामा उपाध्यक्ष मीनप्रसाद देवकोटाले स्वागत र सचिव विदुर केसीले सञ्चालन तथा कोषाध्यक्षको प्रतिवेदन कार्य समिति सदस्य शंकर भण्डारीले पेश गरेका थिए । केन्द्रमा ७१५ जना आजीवन सदस्य, ६६ जना साधारण सदस्य गरी कुल ७८१ जना सदस्यहरु रहेका छन् । वनबाटिकामा ३३ जना स्थानीयले रोजगारी पाएको केन्द्रका सचिव विदुर केसीले बताए ।

# छात्रा भलिबलको उपाधि एभरेष्टलाई



बुटवल । बुटवलमा सम्पन्न एघारौ जिल्लास्तरीय अन्तर मावि एभरेष्ट कप छात्रा भलिबल प्रतियोगिताको उपाधि आयोजक एभरेष्ट इङ्ग्लिस बोर्डिङ् माबिले जितेको छ । बुधबार भएको फाईनलमा न्यू होराईजन इङ्लिस बोर्डिङ् माविलाई ३-० को सोझो सेटमा पराजित गर्दै एभरेष्टले उपाधि जितेको हो । उपाधिसँगै एभरेष्टले नगद ३० हजार, कप, मेडल, प्रमाणपत्रबाट पुरस्कृत भयो ।

उप-विजेता न्यू होराइजनले २० हजार नगद, कप, मेडल, प्रमाणपत्रमा चित्त बुझायो । प्रतियोगितामा कुँवरवर्ती बोर्डिङ् स्कुल तेस्रो हुँदै नगद १० हजारबाट पुरस्कृत भयो । प्रतियोगितामा एभरेष्टकी मीना सुनार सर्वोत्कृष्ट खेलाडी, अर्जुन घिमिरे उत्कृष्ट कोच, न्यू होराईजनकी भारती बिक उत्कृष्ट सर्भर, एभरेष्टकी जानकी केसी उत्कृष्ट सेटर, ललिता बोहरा उत्कृष्ट ब्लकर, रुपा लम्साल उत्कृष्ट लिभेरो, कुँवरकर्तीकी मनोरमा डंगोरिया उत्कृष्ट स्पाईकर घोषित हुँदै पुरस्कृत भए । प्रतियोगितामा कान्ति माविले सान्त्वना स्थान हासिल गरेको छ ।

प्रतियोगितामा विजयी टिमलाई पुरस्कार वितरण गर्दै बुटवल उप-महानगरपालिकाका उप-प्रमुख सावित्री देवी अर्यालले खेलकुदको माध्यमबाट विद्यार्थीको शारीरिकसँगै बौद्धिक क्षमताको विकास गर्न महत्वपूर्ण भूमिका खेल्ने बताइन् । उनले उप-महानगरले खेलकुद क्षेत्रको विकास र नगरभित्र रहेका पुरुष तथा महिला दुबै खेलाडीको खेल क्षेत्रमा रुची बढाउन तथा विकास गर्न उप-महानगरले बजेटको व्यवस्था समेत गर्दै आएको जनाइन् ।

एभरेष्ट मावि सञ्चालक समितिका उपाध्यक्ष भिमबहादुर श्रेष्ठको अध्यक्षतामा भएको कार्यक्रममा नगर खेलकुद विकास समिति, बुटवलका संयोजक बोनिन पियाले खेल क्षेत्रमा विद्यार्थीको सहभागिताले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जगतमा उत्कृष्ट खेलाडी उत्पादन गर्न सहयोग पुग्ने विश्वास व्यक्त गरेका थिए । कार्यक्रममा प्रदेश भलिबल संघ, लुम्बिनीका अध्यक्ष योग गुरुङले भलिबल राष्ट्रिय खेल भएता पनि यसको विकासकालागि राज्यस्तरबाट प्रोत्साहनका कार्यक्रम नहुँदा खेलाडी उत्पादनमा समस्या आएको उल्लेख गर्दै निजी क्षेत्रबाट आयोजना हुने यस्ता खेलले भलिबलको विकासमा सहयोग पुगेको बताए ।

कार्यक्रममा प्याब्सन नेपालका केन्द्रीय उपाध्यक्ष टिकाराम न्यौपाने, अभिभावक संघ, नेपालका केन्द्रीय सदस्य लोकनाथ ज्ञवाली, जिल्ला भलिबल संघ, रुपन्देहीका अध्यक्ष सुरेन्द्रकुमार शाक्य, विद्यालयका प्राचार्य कृष्ण न्यौपानेगायतले विजयी टिम तथा विद्यार्थीलाई बधाई तथा शुभकामना दिएका थिए । रुपन्देही जिल्लाका डेढ दर्जन सामुदायिक तथा संस्थागत विद्यालयहरुले प्रतियोगितामा प्रतिस्पर्धा गरेका थिए ।

यसैबिच विद्यालयमा भएको सप्ताहव्यापी खेल सप्ताह पनि सम्पन्न भएको छ । खेल सप्ताहमा विद्यालयको प्रारम्भिक तहदेखि मा.वि. तहसम्मका झन्डै दुई हजार विद्यार्थीले विभिन्न विधामा प्रतिस्पर्धा गरेको शिक्षक माधव पौडेलले जानकारी दिए ।

## पवनकुमार सेठिया स्मृति क्रिकेटः

# रूपन्देही-११ लाई सिरिज




भैरहवा । रूपन्देही क्रिकेट संघको आयोजनामा भैरहवामा जारी 'पवनकुमार सेठिया स्मृति क्रिकेट प्रतियोगिता' अन्तर्गत टी-ट्वान्टी सिरिज पनि रुपन्देही-११ ले आफ्नो पोल्टामा पारेको छ । बुधबार सिरिजको दोस्रो खेलमा रुपन्देहीले त्रिभुवन आर्मी क्लब 'ए'लाई ६ विकेटले पारजित गर्दै सिरिज पक्का गरेको हो । मंगलबार पहिलो खेलमा रुपेन्दही २६ रनले विजयी भएको थियो । यसअघि रुपन्देहीले आर्मीविरुद्ध दुई दिवसीय टेष्ट र एकदिवसीय सिरिज क्लिनस्वीप गरिसकेको छ ।

भैरहवास्थित सिद्धार्थ क्रिकेट मैदानमा जितका लागि पाएको १ सय १८ रनको लक्ष्य रुपन्देहीले १७ ओभरमा ४ विकेट गुमाएर पूरा गर्यो । उसको जितमा आकाश त्रिपाठीले अविजित ३९, सन्दीप मौर्यले २४, आरिफ खानले १८, सन्दीप रजालीले १५ र विजय प्रजापतिले नटआउट १२ रनको योगदान गरे । बलिङमा आर्मीका जितेन्द्रसिंह ठुकरी र प्रेम गुरुङले २-२ विकेट लिए ।

यसअघि टस जितेर ब्याटिङ गरेको आर्मीले सबै विकेट गुमाएर १ सय १८ रनको मध्यम योगफल खडा गरेको थियो । उसका लागि निर्मल शाहीले ४०, लक्ष्मण परियारले २१, प्रदीप पेलाले २० र जितेन्द्रसिंह ठकुरी १० रन बनाए । बलिङमा रुपन्देहीका विष्णु कटरिया, आकाश त्रिपाठी र इकलाख अहमद वारिसले समान २-२ विकेट लिए । आकाश त्रिपाठी प्लेयर अफ द म्याच भई दुई हजार रुपैयाँ प्राप्त गरे । सिरिजको अन्तिम खेल आज बिहीबार हुने प्रतियोगिता संयोजक प्रथम पराजुलीले जानकारी दिए ।

नेपालमै पहिलोपटक तीनवटा फर्म्याटमा दुई टीमबिच प्रतिस्पर्धा भइरहेको हो । प्रतियोगितालाई भैरहवाका व्यवसायी हरिष सेठिया र सुनिल सेठियाले आफ्ना बुवा स्वर्गीय पवनकुमार सेठियाको स्मृतिमा मुख्य प्रायोजन गरेका छन् । प्रतियोगितामा विजेता टीमले ट्रफी, मेडल र प्रमाण पत्र प्राप्त गर्नेछन् । यस्तै, म्यान अफ द सिरिजले ५ हजार र प्रत्येक खेलको म्यान अफ द म्याचले २ हजार रुपैयाँ प्राप्त गर्ने छन् । यी दुबै पुरस्कार भैरहवाको लुम्बिनी नेत्रालय प्रालिले प्रायोजन गरेको छ ।

आकर्षक डिजाइन तथा छपाई

सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !

आइडिया
डिजाइनर्स/अफसेट प्रेस

सम्पर्कः
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

# Binayi Tribeni Rural Municipality

## Office of The Rural Municipal Executive

**Dumkibas, Nawalparasi (East of Bardaghat Susta)**

**Gandaki Province, Nepal**

**Est: 2073**

# Invitation For Online Bids

**Date of publication: 2082/10/01, (15th, Jan 2026)**

1. Office of BinayiTribeni Rural Municipalityinvites electronic bids from eligible bidders for the following goods under National Competitive Bidding procedures.

| S.N. | Contract ID | Description of Works | Estimate Amount with VAT | Bid Security Amount (NRs.) | Cost of Bid Document (NRs.) | Last Date of Bid | Bid Valid Period | Date of Pre-bid Meeting | Bid Opening Date | Remarks |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | 26/BTRM/ NCB/Goods/ 2082-083 | Procurement of Essential Medical Equipment | 10696999.99 | 320000.00 | 3000.00 | 2082/11/04 (16th, Feb, 2026) Before 12:00 | 90 Days | 2082/10/23 (6th, Feb, 2026) at 1:00 PM | 2082/11/04 (16th, Feb, 2026) After 1:00 | |
| Cost of Bidding Document in Bank | | Name of the Bank: Siddharth Bank LTD Dumkibas branch, Nawalparasi(East ) Name of Office: BinayiTribeni Rural Municipality, Nawalparasi (East) BinayiTribeniGaunpalika GA1.1 AantarikRajashwoKhata: 00815413078 | | | | | | | | |
| Cost of Bid Security in Bank | | Name of the Bank: Siddhartha Bank LTD Dumkibas, Nawalparasi(East) Name of Office: BinayiTribeniRural Municipality, Nawalparasi(East) BinayiTribeniGaunpalika GA03 DharautiKhata.: 00815153326 | | | | | | | | |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office BinayiTribeni Rural Municipality, Nawalparasi (East of bardghat-susta),Dumkibas. Phone no.078-416185, 078-416182, website: www.binayitribenimun.gov.npor may visit PPMO website www.bolpatra.gov.np/egp.
3. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative Officer**

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com